# हेलम्बु गाउँपालिका

हेलम्बु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड: ५) सिन्धुपाल्चोक, चैत्र २१ गते, २०७९ साल (संख्या: ४)


## भाग - २

### हेलम्बु गाउँपालिका

**बागमती प्रदेश ३, नेपाल**

**कार्यपालिकाबाट पारित मितिः २०७९/०९/२८**

# हजार दिनका आमा तथा बच्चाको लागि पौष्टिक आहार वितरण सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना** : हेलम्बु गाउँपालिका अन्तर्गत रहेका हजार दिने आमा तथा बच्चाहरुको वौद्धिक विकासको लागि हेलम्बु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम हेलम्बु गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "हजार दिनका आमा तथा बच्चाको लागि पौष्टिक आहार वितरण सम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "हजार दिनका आमा तथा बच्चा" भन्नाले गर्भवती भएको दिन देखि बच्चा जन्मेर २ वर्ष नपुगुनजेल सम्मको अवधि सम्झनु पर्दछ ।

ख. "गाउँपालिका" भन्नाले हेलम्बु गाउँपालिका सम्झनु पर्दछ ।

ग. "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ. "स्वास्थ्य संस्था" भन्नाले हेलम्बु गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्र सम्झनु पर्दछ ।

ङ. "उपाध्यक्ष" भन्नाले हेलम्बु गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

च. "पौष्टिक आहार" भन्नाले अण्डा, पिठो, गेडागुडी वा अन्य तोकिएको खाद्यवस्तु सम्झनु पर्दछ ।

**३. पौष्टिक आहार पाउने हजार दिनका आमा तथा बच्चा :** (१) देहाय बमोजिमको हजार दिनका आमा तथा बच्चाले मात्र पौष्टिक आहार पाउन योग्य हुनेछः

क. नेपाली नागरिक,

ख. हेलम्बु गाउँपालिका भित्र स्थायी बसोबास गर्ने,

ग. गर्भवती भए पश्चात हेलम्बु गाउपालिकाका स्वास्थ्य संस्थामा गई नियमित जाँच गरेको र सुत्केरी भएको छ महिना भित्रको,

घ. बच्चाको हकमा नियमित खोप लगाएको र मासिक रुपमा वृद्धि अनुगमन गरेको,

ङ. नियमित आमा समुह बैठक मा सहभागि हुने आमाहरु,

च. घरमा कृषि टनेल वा करेसावारी अनिवार्य बनाएको हुनुपर्ने ।

**४. पौष्टिक आहार नपाउने हजार दिनका आमा तथा बच्चा :** (१) दफा ३ बमोजिमका मापदण्ड पुगेका भए पनि देहाय बमोजिमको हजार दिनका आमा तथा बच्चाले यस कार्यविधि बमोजिम पौष्टिक आहार पाउने छैनः

क. नियमित गर्भ जाँच तथा वृद्धि अनुगमन गरे पनि हेलम्बुका स्वास्थ्य संस्थामा नगराएका,

ख. हेलम्बु गाउँपालिकाको स्थायी बासिन्दा भए पनि गाउँपालिका बाहिर गई बसेका,

ग. हेलम्बु गाउँपालिकाको मतदाता नामावलीमा नाम नभएकाहरु ।

**५. पौष्टिक आहार वितरण :** (१) हजार दिनका आमाले गर्भवती भएर स्वास्थ्य संस्थामा दर्ता भए पछि सुत्केरी भएर बच्चा २३ महिना पूरा नहुञ्जेलसम्म पौष्टिक आहार पाउने छ ।

(२) उपदफा (१) बमोजिमको पौष्टिक आहार सम्बन्धित स्वास्थ्य संस्थाले गर्भवती जाँच गर्न आउँदा, बच्चाको नियमित वृद्धि जाँच गर्न आउँदा सो समयमा नियमित जाँच गरेको १महिना पुरा भए बापत वितरण गर्नेछन ।यदि लगातार गर्भ जाँच वा वृध्दि अनुगमन गरिएको छन भने पौष्टिक आहार पाउने छैनन्।

**६. निवेदन दिनुपर्ने :** (१) दफा ३ बमोजिमको पौष्टिक आहार पाउन योग्य आमा तथा बच्चाले सम्बन्धित स्वास्थ्य संस्थामा अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

क. नागरिकताको प्रमाणपत्रको फोटोकपी

ख. गर्भवती कार्डको फोटोकपी

ग. खोप कार्डको फोटोकपी

घ.आमा समुहको बठकमा नियमित उपस्थिति भएको हो भनी आमा समुहको अध्यक्षको सिफारीस पत्र

ङ. घरमा टनेल वा करेसावारी बनाएको फोटो

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा स्वास्थ्य संस्थाले तुरुन्तै आवश्यक कारबाही गरी निर्णय लिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारबाही गर्दा पौष्टिक आहार नपाउने देखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको कारबाही गर्दा पौष्टिक आहार पाउने देखिएमा स्वास्थ्य संस्थाले १ दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।

**७. अभिलेख राख्नु पर्ने :** (१) कार्यालयले यस कार्यविधि बमोजिम पौष्टिक आहार पाउने हजार दिनका आमा वा बच्चाको विवरण र वितरण गरिएको अभिलेख अनुसूची —२ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

**८. अभिलेखबाट नाम हटाउने :** (१) कार्यालयले देहायको अवस्थामा पौष्टिक आहार पाउने आमा र बच्चाको नाम अभिलेखबाट हटाउनेछ ।

क. आमा सुत्केरी भएको ६ महिनामा

ख. बच्चा २३ महिना पूरा भएमा

ग. नियमित जाँच गर्न नआएमा

घ. बसाइसरी अन्त गएमा

**९. नविकरण :** (१) यस कार्यविधि बमोजिम पौष्टिक आहार पाएका आमा तथा बच्चाहरुलाई हजार दिन भित्र मात्र पौष्टिक आहार वितरण गरिने छ र अर्को पटक गर्भवती भई सुत्केरी भएर बच्चा जन्मेको हकमा पुन दफा ६ बमोजिम हुनेछ ।

**१०. कसुर र सजाय :** (१) कसैले विवरण ढाँटी यस कार्यविधि बमोजिम पौष्टिक आहार लिएमा कसुर गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको पौष्टिक आहार असुल गरी निजलाई बिगो बराबर जरिवाना हुनेछ ।

**११. अनुगमन सम्बन्धि व्यवस्था :** (१) पौष्टिक आहार पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा विवरणको अनुगमन उपाध्यक्ष वा निजले तोकेको गाउँपालिकाको कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

**१२ पौष्टिक आहार उत्पादन फर्म वा विक्री वितरण पसल सम्बन्धि ब्यबस्था।**

(१) गाउँपालिकाले पालिकामा सुचिकृत भएका पौष्टिक आहार फर्म वा पसल मध्यबाट सार्वजनिक खरिद एन तथा नियमावली अनुसार प्रर्तिस्प्रधाको आधारमा कुनै एक फर्म वा पसल छनौटगरि अनुसुचि ४ अनुसार सम्झौता गरि स्वास्थ्य संस्था सम्म पुर्याउने ब्यबस्था गर्न लगाईने छ।

(२) दफा १२ को उपदफा १ बमोजिम छनौट भएका फर्म वा पसल ले अनुसुचि ३ अनुसारको भर्पाई बनाई सो संग भुक्तानिको लागि बिल पेश गर्नु पर्ने छ।

(३) दफा १२ उपदफा२ बमोजिमको भर्पाई स्वास्थ्य संस्थामा उपलब्ध गराई मासिक रुपमा भर्ने ब्यबस्था गरिने छ।

**१३. प्रतिवेदन दिनुपर्ने :** (१) पौष्टिक आहार वितरण भएको विवरण सम्बन्धित स्वास्थ्य संस्थाले मासिकरुपमा अनुसुचि ३ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा १ प्रति पेश गर्नु पर्नेछ ।

**१४. संशोधन :** (१) गाउँ कार्यपालिकाको बैठकको निर्णयले यस कार्यविधि संशोधन गर्न सकिने छ ।

**१५. बाधा अड्काउ फुकाउने :** (१) यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

**१६. बचाउ :** (१) हजार दिनका आमा तथा बच्चाको लागि पौष्टिक आहार वितरण सम्बन्धि कार्यविधि, २०७९ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिन

## अनुसुचि १
## दफा ६ को उपदफा १ बमोजिम

श्री स्वास्थ्य चौकि/संस्था प्रमुख ज्यू
हेलम्बु गाउँपालिका वडा न..........

विषयः<u>पौष्टिक आहार उपलब्ध गराई पाउँ भन्ने बारे।</u>

महोदय

प्रस्तुत विषय अनुसार यस हेलम्बु गाउँपालिका वडा न......स्थायि बसोबास गर्ने म श्री.......................हजारदिनको आमा/२३महिना भित्रको बच्चा हुँ।यस गाउँपालिकाले हजार दिनका आमा तथा बच्चालाई मानब बौध्दिक विकासको लागि पौष्टिक आहार दिने निर्णय अनुसार यस निवेदनका साथ आबश्यक कागजात पेश गरेको छु नियम अनुसार पौष्टिक आहार उपलब्ध गराई पाउँ भनि अनुरोध गर्दछु।

...................................

(निवेदक)

# अनुसुचि २

## दफा ७ को उपदफा १ बमोजिम

| क्र स | हजारदिनका आमा तथा बच्चाको नाम | दर्ता मिति | हजारदिन पुग्ने मिति | फोन नं. | कफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तयार गर्नेः

प्रमाणित गर्नेः

# अनुसुचि ३
## दफा १२ को उपदफा २ बमोजिम

| क्र स | हजारदिनका आमा तथा बच्चाको नाम | गर्भ जाँच पटक | वध्दि अनुगमन पटक | पौष्टिक आहार सख्या | हस्ताक्षर | कफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्नेः

प्रमाणित गर्नेः

आज्ञाल,

उदयराज भट्टराई

प्रमुख प्रशासकीय अधिकृत